म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १४३ २०८३ वैशाख ३ गते बिहीबार 16 April 2026, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-



हेटौंडाका एक युवालाई घरमै पुगेर राहदानी हस्तान्तरण गर्नुहुँदै जिल्ला हुलाक कार्यालय मकवानपुरका प्रमुख रमेश लामिछाने (बायाँ) । संघीय सरकारले नागरिकलाई घरमै सेवा प्रवाह गर्ने उद्देश्यसहित राहदानी, राष्ट्रिय परिचयपत्र, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्र हुलाक कार्यालयमार्फत घरमै पुऱ्याउन सुरु गरेको हो ।

### बागमती प्रदेश सरकार

## ९ महिनाको वित्तीय प्रगति २८ प्रतिशत मात्र

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको तेस्रो चौमासिकको सुरुवातसम्ममा कुल विनियोजनको एक चौथाई बजेट खर्च गरेको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको चैत मसान्तसम्म कुल बजेटको २८ प्रतिशत मात्र खर्च गरेको हो ।

आर्थिक वर्ष समाप्तीको ३ महिना बाँकी रहँदासम्म सरकारको खर्चमा उल्लेख्य प्रगति हुन सकेको देखिँदैन । हालसम्मको अवस्था अनुसार प्रदेश सरकारले आगामी ३ महिनाको अवधिमा ७२ प्रतिशत बजेट खर्च गर्नुपर्ने हुन्छ। ३ महिनाको कम अवधिमा प्रदेश सरकारले ३ चौथाई बजेट सक्नेगरी कार्यसम्पादन गर्नुपर्ने अवस्था रहेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले सार्वजनिक गरेको चैत मसान्तसम्मको वित्तीय प्रगति प्रतिवेदनले प्रदेश सरकारको कार्यसम्पादन अत्यन्तै सुस्त देखिएको हो । आगामी ३ महिना (वैशाख, जेठ र असार) मा ७२ प्रतिशत बजेट खर्च गर्नुपर्ने सरकार माथि दबाव देखाएको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि कुल ६७ अर्ब ४७ करोड ३३ लाख ७० हजार रुपैयाँको बजेट ल्याएको थियो । तर, चैत मसान्तसम्ममा मात्र १९ अर्ब ३७ करोड १७ लाख ८१ हजार रुपैयाँ (२८.७१ प्रतिशत) मात्र खर्च भएको छ । सरकारले बाँकी ३ महिनामा ४८ अर्ब १० करोड १५ लाख ८९ हजार रुपैयाँ (७१.२९ प्रतिशत) बजेट खर्च गर्नुपर्ने बाध्यात्मक अवस्था देखिएको हो । छोटो अवधिमा यति ठूलो रकम खर्च गर्दा कामको गुणस्तर खस्कने र असारे विकासको प्रवृत्तिले प्रश्रय पाउने निश्चित देखिन्छ ।

प्रदेशको विकाससँग प्रत्यक्ष जोडिने पुँजीगत (विकास) खर्चको अवस्था पनि कमजोर देखिएको छ । चालु आर्थिक वर्षमा विनियोजित कुल पुँजीगत बजेट ४० अर्ब ८३ करोड ५३ लाख ५६ हजार रुपैयाँ मध्ये सरकारका निकायहरुले ९ महिनाको अवधिमा ९ अर्ब ४२ करोड ३२ लाख ६ हजार (जम्मा २३.०९ प्रतिशत) मात्र खर्च गरेको छ । सरकार माथि विकास बजेटको ३१ अर्ब ४१ करोड २१ लाख ५० हजार (७६.९१ प्रतिशत) खर्च गर्नुपर्ने अवस्था रहेको छ ।

सबैभन्दा धेरै बजेट भएका विकास केन्द्रित मन्त्रालयहरुकै खर्च गर्ने क्षमता कमजोर देखिएको छ । प्रदेश सरकारको कुल विनियोजित बजेटको करिब ४० प्रतिशत बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च ९ महिनामा ३० प्रतिशत मात्र देखिएको छ । २१ अर्ब १४ करोडको पुँजीगत बजेट भएको सो मन्त्रालयले हालसम्म मात्र ६ अर्ब ३७ करोड (३०.१५ प्रतिशत) खर्च गरेको छ । उक्त मन्त्रालयले आगामी ३ महिनामा विकास बजेटतर्फ मात्र १४ अर्बभन्दा बढी रकम खर्च गर्नुपर्ने अवस्था रहेको छ । बजेटको हिस्सा अनुसार प्रदेशको दोस्रो ठुलो मन्त्रालय खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले हालसम्म २५.१३ प्रतिशत मात्र खर्च गरेको छ । ९ अर्ब ७२ करोडको पुँजीगत बजेट पाएको सो मन्त्रालयले हालसम्म २ अर्ब ४४ करोड मात्र खर्च भएको छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २ अर्ब १३ करोडको पुँजीगत बजेटमा ४१ करोड (१९.६३ प्रतिशत) मात्र खर्च गरेको छ भने स्वास्थ्य मन्त्रालयले ३ अर्ब ४१ करोडको पुँजीगत बजेटमा ८७ करोड (२५.५५ प्रतिशत) मात्र खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयले २ अर्ब १२ करोड पुँजीगत बजेटमा ४४ करोड (२१.०५ प्रतिशत) मात्र खर्च भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांक अनुसार चैत मसान्तसम्मा प्रदेशका मन्त्रालयहरुले औसतमा २८.७१ प्रतिशत मात्र बजेट खर्च गरेका छन् । प्रदेशको १४ मन्त्रालय मध्ये श्रम, रोजगार तथा यातायात मन्त्रालयले तुलनात्मक रुपमा बढी बजेट खर्च गरेको छ । उक्त मन्त्रालयले ४४.७१ प्रतिशत बजेट खर्च गरी मन्त्रालयगत खर्चको सूचीमा अग्रस्थानमा रहेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले ३०.१२ प्रतिशत र सामाजिक विकास मन्त्रालयले ३०.०५ प्रतिशत बजेट खर्च गरेको छ भने वन तथा वातावरण मन्त्रालयले ३५.१२ प्रतिशत बजेट खर्च गर्दा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले २६.४४ प्रतिशत खर्च गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले ३०.२५ प्रतिशत मात्र बजेट खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २१.३० प्रतिशतमा सीमित देखिएको छ । युवा तथा खेलकुद मन्त्रालयको कार्यसम्पादन सबैभन्दा कमजोर हुँदा चैत मसान्तसम्म जम्मा १४.१२ प्रतिशत मात्र बजेट खर्च गरेको छ । खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले २६.४३ प्रतिशत रहेको छ भने स्वास्थ्य मन्त्रालयले २४.१२ प्रतिशत र संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले २५.३१ प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २१.०३ प्रतिशत बजेट मात्रै कार्यान्वयनमा ल्याएका छन् ।

| क.सं. | मन्त्रालयको नाम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|
| १. | श्रम, रोजगार तथा यातायात मन्त्रालय | ४४.७१ |
| २. | वन तथा वातावरण मन्त्रालय | ३५.१२ |
| ३. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३०.२५ |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३५.३१ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३०.१२ |
| ६. | सामाजिक विकास मन्त्रालय | ३०.०५ |
| ७. | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | २६.४४ |
| ८. | खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय | २६.४३ |
| ९. | संस्कृति तथा पर्यटन मन्त्रालय | २५.३१ |
| १०. | स्वास्थ्य मन्त्रालय | २४.१२ |
| ११. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २१.३० |
| १२. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २१.०३ |
| १३. | सहकारी तथा गरिवी निवारण मन्त्रालय | ४३.१२ |
| १४. | युवा तथा खेलकुद मन्त्रालय | १४.१२ |

### औषत राजस्व संकलन

बागमती प्रदेश सरकारको चालू आर्थिक वर्ष २०८२/०८३ को नौ महिना (चैत मसान्त) सम्मको राजस्व संकलनको अवस्था औसत देखिएको छ । प्रदेश सरकारको राजस्व शीर्षकको संकलन सन्तोषजनक नहुँदा आगामी ३ महिनामा राजस्व संकलनको लक्ष्य भेटाउन सरकारलाई निकै चुनौतीपूर्ण देखिन्छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको वित्तीय विवरण अनुसार प्रदेश सरकारले कुल लक्ष्यको ४१.४० प्रतिशत राजस्व संकलन गरेको छ । सरकारले चालू वर्षमा कुल ६७ अर्ब ४७ करोड ३३ लाख ७० हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा चैत मसान्तसम्म २७ अर्ब ९३ करोड २ लाख ४ हजार रुपैयाँ संकलन भएको छ। राजस्वका विभिन्न शीर्षकहरुमध्ये मूल्य अभिवृद्धि कर र सवारी साधन कर प्रदेशको आम्दानीको मुख्य स्रोत बनेका छन् ।

मूल्य अभिवृद्धि करतर्फ ८ अर्ब ६७ करोडको लक्ष्यमा ५ अर्ब ६३ करोड (६४.८६ प्रतिशत) संकलन भएको छ भने सवारी साधन करतर्फ ५ अर्ब २५ करोडको लक्ष्यमा ३ अर्ब ६ करोड (६१.४० प्रतिशत) राजस्व संकलन भएको छ । घर जग्गा रजिष्ट्रेसन दस्तुर वापत ३ अर्ब ४२ करोड (४५.८० प्रतिशत) र अन्त:शुल्क बापत २ अर्ब २९ करोड (४९.३२ प्रतिशत) रकम सरकारी कोषमा जम्मा भएको छ । उक्त शिर्षकहरुमा प्राप्त हुने राजस्व बाँडफाँडबाट प्राप्त हुने गरेको छ ।

प्रदेशको आन्तरिक स्रोततर्फ मनोरञ्जन करको संकलन केही वृद्धि भएको देखिन्छ। आन्तरिक आयतर्फ प्रदेश सरकारले ६६ लाखको लक्ष्य राखिएकोमा ९२.०४ प्रतिशत (६० लाख ५५ हजार रुपैयाँ) संकलन भइसकेको छ । सरकारले पर्यटन शुल्क वापत ६३.०२ प्रतिशत र वन पैदावार (काठ दाउरा) बिक्रीबाट १ करोड ९९ लाख रुपैयाँ संकलन भएको छ । सवारी चालक अनुमतिपत्र र नवीकरण (ब्लु बुक) दस्तुरबाट १ अर्ब ८६ करोड (७५.४० प्रतिशत) राजस्व उठेको छ ।

संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानतर्फ हालसम्म ८ अर्ब ३५ करोडको लक्ष्यमा ५ अर्ब ८३ करोड (७०.४५ प्रतिशत) प्राप्त भएको छ । तर, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान तर्फको प्राप्ति भने लक्ष्यको तुलनामा न्यून छ । विशेषगरी पुँजीगत तर्फको सशर्त र समपूरक अनुदान चैत मसान्तसम्म १५ प्रतिशतको हाराहारीमा मात्र प्राप्त भएको देखिन्छ। सरकारले गत वर्षको नगद मौज्दात र बेरुजु असुलीबाट १६ अर्ब ९८ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरेको भए पनि चैत मसान्तसम्म सो शीर्षकमा जम्मा १ अर्ब २१ करोड (०.७१ प्रतिशत) मात्र प्रगति देखिएको छ ।

## बागमती प्रदेशमा संघीय सरकारले समायोजन गरेभन्दा बढी भाडा

समाज संवाददाता

हेटौँडा : केन्द्र र प्रदेश सरकारहरूको सार्वजनिक यातायातको भाडादर समायोजनमा अन्तर देखिएको छ। बागमती प्रदेशले केन्द्र सरकारले समायोजन गरेभन्दा बढी भाडा बढाएको छ ।

प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयका महाशाखा प्रमुख प्रवीण श्रेष्ठका अनुसार केन्द्रले भाडादर समायोजन गरिसकेपछि पेट्रोलियम पदार्थको मूल्य पुन: वृद्धि भएकाले प्रदेशले केन्द्रको दरमा बढाएर मूल्य समायोजन गरेको हो । उनले भने, 'चैत २७ गते बढेर आएको पेट्रोलियम पदार्थको मूल्यअनुसार समायोजन गरिएको हो । त्यसकारण केन्द्रको भाडादरभन्दा हाम्रो फरक पर्न गएको हो ।' केन्द्र सरकारले चैत २५ गतेदेखि लागु हुनेगरी यात्रुवाहक सार्वजनिक यातायातको भाडादर १६.७१ प्रतिशतले वृद्धि गरेको थियो । त्यस्तै मालबाहक सवारीमा पहाडी क्षेत्रमा चल्नेको २१.६८ प्रतिशत र तराई क्षेत्रमा चल्नेको १५.७५ प्रतिशतले भाडा बढाइएको थियो ।

यसको भोलिपल्ट नेपाल आयल निगमले डिजेलमा २५ रुपैयाँ र पेट्रोलमा १७ रुपैयाँ मूल्य वृद्धि गरेको थियो । त्यसको दुई दिनपछि अर्थात् चैत २७ गते बागमती प्रदेशले भने भाडादर बढाएर समायोजन गऱ्यो। बागमती प्रदेशको श्रमरोजगार तथा यातायात मन्त्रालयले काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने यात्रुवाहक सार्वजनिक सवारी साधनको भाडा २५.९६ प्रतिशतले वृद्धि गरेको छ । त्यस्तै उपत्यका बाहिरका यात्रुवाहक सवारीमा १७.३५ प्रतिशत तथा मालवाहक सवारी साधनमा २६.७९ प्रतिशतले भाडा बढाइएको छ। यसैगरी, कोशी प्रदेशले भने केन्द्र सरकारले तोकेको दरमा भाडा समायोजन गरेको थियो। अन्य प्रदेशको भाडादर समायोजन हुन भने अझै बाँकी रहेको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएकाले थप भाडा वृद्धि गरिएको बताए । साथै, काठमाडौं उपत्यकाजस्ता सहरी क्षेत्रमा र राजमार्गमा गुड्ने सवारी साधनको इन्धन खपतमा ठुलो अन्तर हुने भएकाले सोहीअनुसार भाडादर समायोजन गरिएको उनले जानकारी दिए । ट्राफिक जामका कारण सहरमा गाडीको इन्धन बढी खपत हुने उनको भनाइ छ ।

'काठमाडौँजस्तो सहरमा गुड्ने गाडीले प्रतिलिटर १४ किलोमिटर माइलेज दिन्छ भने राजमार्गमा त्यही गाडीले १८ देखि २० किलोमिटरसम्म माइलेज दिन्छ,' सिटौलाले भने । २०७५ सालमा बनेको विधिअनुसार नै अहिले किलोमिटर र प्रतिशतका आधारमा भाडा तय भइरहेको उनले स्पष्ट पारे । सहरी क्षेत्रमा जामका कारण इन्जिन स्टार्ट नै रहने हुँदा माइलेज कम हुने भएकाले यसलाई प्राविधिक रूपमै सम्बोधन गरिएको उनको भनाइ छ ।

यातायात व्यवस्था विभागका निर्देशक श्रीकान्त यादवले प्रदेश सरकारहरूले आफ्नो प्रदेशभित्रको सार्वजनिक यातायातको भाडादर आफैँ निर्धारण गर्न पाउने संवैधानिक व्यवस्था रहेको बताएका छन् । बागमती प्रदेशले संघीय सरकारले तोकेभन्दा बढी भाडा समायोजन गरेको सन्दर्भमा स्पष्ट पार्दै निर्देशक यादवले सो कुरा बताएका हुन् । उनले संविधानको कार्यविस्तृतीकरण प्रतिवेदनअनुसार प्रदेशभित्रको यातायात व्यवस्थापन गर्ने पूर्ण अधिकार प्रदेश सरकारलाई नै दिइएको जानकारी दिए।

उनले भने, 'प्रदेशको हकमा प्रदेशहरूले आफ्नो प्रदेशभित्रको

...बाँकी पृष्ठ ३ मा

## छुट्टाछुट्टै घटनामा ६ जिल्लामा ७ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशको ६ जिल्लामा छुट्टाछुट्टै घटनामा ७ जनाको मृत्यु भएको छ । प्रदेशको दोलखा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, धादिङ र चितवन जिल्लामा ७ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दोलखाको वैतेश्वर गाउँपालिका-६, नाम्दुस्थित तामाकोशी-जिरी सडकखण्डमा अनियन्त्रित भई मोटरसायकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् । मंगलबार राती १० बजेको समयमा चरिकोटबाट मैनापोखरीतर्फ जाँदै गरेको बा प्र ०२-०३६ प ७६०२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकमा पल्टिएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा चालक वैतेश्वर-४ का ३३ वर्षीय दिनेश कार्की र पछाडि सवार कालिञ्चोक गाउँपालिका-८, सुनखानीका ३३ वर्षीय सन्तोष आचार्य गम्भीर घाइते भएका थिए । घाइते दुवैको मैनापोखरी मेडिकलमा प्राथमिक उपचार पश्चात थप उपचारका लागि काठमाडौंस्थित केएमसी अस्पताल लगिएको थियो । उपचारका लागि चालक दिनेशलाई सिन्धुपाल्चोकको खाँडीचौरस्थित सिन्धु सदावहार अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। गम्भीर घाइते सन्तोषको काठमाडौंस्थित केएमसी अस्पतालमा उपचार भइरहेको छ ।

चितवनको खैरहनी नगरपालिका-७, सुर्तानी क्षेत्रमा स्कुटरबाट लडेर घाइते भएकी एक वृद्धाको उपचारका क्रममा मृत्यु भएको छ । मंगलबार बिहान ७ बजेको समयमा बा प्र ०६-००१ प ३४३१ नम्बरको स्कुटरबाट लडेर ८२ वर्षीया बुतिया चौधरी लडेर घाइते भएको प्रहरीले जानकारी दिएको छ। स्कुटरबाट लडेर टाउकोमा गम्भीर चोट लागेपछि उनलाई उपचारका लागि भरतपुरस्थित नयाँ मेडिकल कलेज लगिएको थियो । घाइते बुतियाको उपचारका क्रममा दिउँसो २ बजेर ४२ मिनेटको समयमा चिकित्सकले मृत्यु घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। स्कुटर चालक उनका छोरा ४५ वर्षीय सुरेन्द्र चौधरी रहेको प्रहरीले नियन्त्रणमा लिएको छ।

काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-५, खड्पुस्थित भित्री सडकमा मोटरसाइकल अनियन्त्रित भई पल्टँदा पैदलयात्रीलाई ठक्कर दिएको थियो । आइतबार साँझ ५ बजेको समयमा खड्पुबाट पनौतितर्फ जाँदै गरेको प्र ३-०२-०१३ प ९७७६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकमा पल्टिएर ७८ वर्षीय आशामरु श्रेष्ठलाई ठक्कर दिएको प्रहरीले जानकारी दिएको छ। घाइते श्रेष्ठलाई उपचारका लागि बनेपास्थित शिर मेमोरियल अस्पताल लगिएको थियो । अस्पतालमा गरिएको जाँचमा बाहिरी चोटपटक नदेखिए पनि छाती र खुट्टामा सामान्य चोट देखिएको र एक्स-रे रिपोर्ट सामान्य आएको भन्दै उनलाई डिस्चार्ज गरिएको थियो । घर फर्किएपछि उनी अचानक बेहोस भई ढलेपछि पुन: उपचारका लागि धुलिखेल अस्पताल लगिएको थियो । उपचारका क्रममा मंगलबार बिहान ७ बजेर ५५ मिनेटको समयमा चिकित्सकले श्रेष्ठलाई मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। मोटरसाइकल चालक पनौती-५ का १८ वर्षीय युनिस तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-१, टारीवेशी क्षेत्रमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-१ घर भई हाल धादिङ नीलकण्ठ नगरपालिका-१० मा सडक निर्माण कार्यमा संलग्न ३३ वर्षीय दीपक चेपाङ रहेको प्रहरीले जानकारी दिएको छ । मंगलबार राती दीपकलाई मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेको थियो । उनको प्राथमिक स्वास्थ्य केन्द्र सल्यानटारमा सामान्य उपचार पश्चात थप उपचारका लागि जिल्ला अस्पताल धादिङवेशी लगिएको थियो। उपचारको क्रममा बुधबार बिहान ४ बजेको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। उनी सडक छेउमा जस्ताले छाएको टृसभित्र बस्दै आएका थिए ।

सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिका-७ मा खोलामा पौडी खेल्ने क्रममा डुबेर एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा २५ वर्षीय ईश्वर आचार्य रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार दिउँसो २ बजेर ३० मिनेटको समयमा घर नजिकै रहेको महादेव खोलामा पौडी खेल्ने क्रममा आचार्य डुबेर बेपत्ता भएका थिए । उनलाई उद्दार गरी हेर्दा मृत्यु भइसकेको प्रहरीले जानकारी दिएको छ ।

अरनिको राजमार्गस्थित सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-८, नयाँपुलमा दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । मंगलबार ४ बजेर १४ मिनेटको समयमा बाह्रबिसेबाट लामोसाँघुतर्फ जाँदै गरेको बा प्र ०२-०४९ प ७७६२ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको बा प्र ०३-०२-००१ प ९०७६ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा ७७६२ नम्बर मोटरसाइकल चालक सुनकोशी गाउँपालिका-७ का २५ वर्षीय जीवन खत्री र पछाडी सवार १४ वर्षीय जित बहादुर श्रेष्ठ घाइते भएका थिए। घाइते जीवनलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि धुलिखेल अस्पताल हुँदै काठमाडौंस्थित केएमसी अस्पताल रिफर गरिएको थियो । उपचारको क्रममा जिवनको साँझ ५ बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। अर्को मोटरसाइकल चालक बाह्रबिसे नगरपालिका-६ निवासी २७ वर्षीय कुमार तामाङ र उनकी श्रीमती ३१ वर्षीया सुनिता तामाङ सामान्य घाइते भएका थिए । उनीहरूको बाह्रबिसे नगर अस्पतालमा उपचारपछि डिस्चार्ज गरिएको छ ।

नुवाकोटको विदुर नगरपालिका-१ ढुंगेमा एक पुरुष आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेका छन् । मृत फेला पर्नेमा ४० वर्षीय नवराज अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ । नवराज मंगलबार बिहान ७ बजेको समयमा आफ्नै सुत्ने कोठामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा कोठाभित्र रगत देखिएको र मृतक लागूऔषध दुर्व्यसनमा संलग्न रहेको बुझिएको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## अब हेटौँडाबासीको घरमै राहदानी

समाज संवाददाता

हेटौँडाः हेटौँडाका सेवाग्राहीले राहदानी लिन जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने झन्झटबाट छुटकारा पाएका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक कार्यालयसँगको सहकार्यमा घरमै राहदानी पुऱ्याउने व्यवस्था गरेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक कार्यालयलाई बुधबार ५० वटा राहदानी वितरणको लागि उपलब्ध गराएको छ । हुलाक कार्यालय मकवानपुरले बुधबार हेटौँडा-४, कपुर कम्प्लेक्स भवन नजिकका २२ वर्षीय निश्चल मानन्धरको घरमै राहदानी बुझाएको कार्यालय प्रमुख रमेश लामिछानले बताउनुभयो । राहदानी बुझाउन हलकारा, हुलाक कार्यालयका प्रमुख र जिल्ला प्रशासन कार्यालयका कर्मचारी गएको लामिछानेले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक सेवामार्फत राहदानी घरमै पुऱ्याएको हो। हुलाक मार्फत राहहदानी घर-घरमा पुऱ्याउने उहाँले बताउनुभयो । राज्यले सर्वसाधारणलाई घरदैलो सेवा प्रवाह गर्ने बुँदा नम्बर २७ लाई कार्यान्वयन गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय मकवानपुरको समन्वयमा हुलाक कार्यालय मकवानपुरले उक्त कार्य सुरु गरेको हो । सेवाग्राहीको समय र श्रम बचत गर्ने उद्देश्यसहित सुरु गरिएको यस पहलले राहदानी वितरण प्रक्रियालाई थप सहज र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।



## सम्पादकीय

# बजेट प्रणालीमा सुधारको आशा

बजेट परिचालनमा कमजोर बनिरहेको बागमती प्रदेश सरकारले बजेट मापदण्ड निर्माण गर्ने भएको छ । आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउन आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट तर्जुमा मापदण्डको खाकालाई पूर्णता दिन छलफल गरिरहेको छ । बजेट निर्माण मार्गदर्शनसहित आर्थिक मामिला तथा योजना मन्त्रालयले अन्य मन्त्रालयहरूलाई पत्राचारको तयारीसमेत गरेको छ । मन्त्रालयले तयार गरेको बजेट तर्जुमा मापदण्डलाई सांसद तथा सरोकारवाला पक्ष तथा विज्ञहरूसँग छलफल गरी पूर्णता दिने भएको हो । बजेट निर्माणमा प्रदेश नीति तथा योजना आयोगको भूमिकालाई थप सशक्त बनाउने गरी मापदण्ड ल्याउन लागेको बताइएको छ । बजेटलाई व्यवस्थित र परिणाममुखी बनाउनुका साथै नीति र विधिभन्दा बाहिरबाट आउने योजनालाई रोक्न मापदण्ड र कार्यविधि सहयोगी हुनसक्छ ।

हरेक वर्ष सरकारले ल्याउने बजेटमा राजस्व असुली तथा बजेट खर्च कमजोर बन्दै गएको छ । सरकारले अनुमान गरेको भन्दा निकै कम बजेट खर्च हुने र राजस्व पनि संकलन नहुने अवस्थाले बजेट प्रक्रियामै प्रश्न उठ्ने गरेको हो । एकातिर बजेट परिचालन प्रभावकारी नहुने र अर्कोतिर टुक्रे र औचित्यहीन योजना तथा कार्यक्रममा बजेट छर्ने परिपाटीले प्रदेश सरकार आलोचित बन्दै आइरहेको छ । राजनीतिक दल, मन्त्री तथा सांसदको पहुँच र प्रभावमा ल्याइएको बजेट कार्यान्वयन हुन कठिन भएपछि प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेटको आकार समेत घटाउने तयारी गरेको छ । बजेटको स्रोत निर्धारण तथा व्यवस्थापन समितिको मूल्यांकनअनुसार आगामी वर्षको बजेट चालु आर्थिक वर्षको तुलनामा करिब १७ अर्ब रुपैयाँ घट्ने अनुमान गरिएको छ । आगामी आर्थिक वर्षका लागि करिब ५० अर्ब रुपैयाँको हाराहारीमा बजेट तयार गर्ने तयारी मन्त्रालयको छ ।

संघीयताको महत्वपूर्ण पक्ष मानिएको प्रदेश संरचना आर्थिक रुपमा बोझिलो बनिरहेको भन्दै आलोचना बढेपछि बागमती प्रदेश सरकारले प्रशासनिक संरचना सुधार गर्ने तयारी गरिरहेको छ । मन्त्रालयको संख्याका साथै अनावश्यक सरकारी निकाय कटौती गर्नेगरी प्रशासनिक सुधारका सरकारले करिब ६ महिना अघि नै समिति तथा कार्यदल गठन गरेको थियो । बजेट निर्माण गर्नुअघि नै सरकारले प्रशासनिक संरचना सुधार गर्ने भएको छ । बजेट निर्माण प्रक्रिया अघि नै मन्त्रालयको संख्या घटाउने तथा कर्मचारी कटौतीको प्रस्ताव अघि बढाउँदा बजेट निर्माण र कार्यान्वयनमा सहज हुने भएकाले सरकारले प्रशासनिक संरचना सुधारलाई पनि प्राथमिकता दिएको हो । सरकारको खर्च कटौती, विकास बजेटको प्रभावकारी परिचालन एवम् सुशासनसहित गुणस्तरीय सेवा प्रवाहका लागि बजेट अगावै प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाको काम टुङ्गो लगाउन चाहनुलाई सकारात्मक मान्नुपर्छ ।

प्रदेश सरकारले असार १ गते आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्नुपर्ने संवैधानिक व्यवस्था छ । प्रदेशसभाको विषयगत समिति तथा सरकारको मन्त्रालयहरुबाट आवश्यक सुझाव लिएर बैशाख दोस्रो हप्तासम्म प्रशासनिक सुधारको काम टुंगो लगाएर बजेट निर्माणमा जुट्नु उचित हुनेछ । प्रदेशमा रहेका १४ वटा मन्त्रालयबाट घटाएर ८ वटामा सीमित गर्ने तयारी भएकाले मन्त्रालयका लागि बजेट सिलिङ तोक्न पनि प्रशासनिक संरचना सुधारको टुङ्गो लगाउनु आवश्यक छ । चाँडो प्रशासनिक संरचना सुधारको काम सकेर उपयुक्त मापदण्ड र कार्यविधिसहित विधिसम्मत बजेट तर्जुमा गर्ने हो भने बजेट निर्माणमा देखिएका बेथिति न्यून हुने आशा गर्न सकिन्छ । बजेट प्रणालीमा सुधार गर्दै बजेट परिचालन र कार्यान्वयन प्रभावकारी बनाउन सकेमा प्रदेश सरकारको औचित्य देखिन सक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार १११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : आर्थिक पक्ष सुदृढ रहने समय योग छ । |
| वृष | : दिक्क र वाक्क लाग्दो समय योग देखिन्छ । |
| मिथुन | : धपेडी र दौडधूप बढ्ने समय योग छ । |
| कर्कट | : साँस्कृतिक क्रियाकलापमा सरिक भइने छ । |
| सिंह | : कामप्रति सफलता पाउन सकिने समय छ । |
| कन्या | : परिस्थिति विपक्षमा रहने समय योग छ । |
| तुला | : मनमा उत्साह र उमङ्ग बढ्ने समय योग छ । |
| वृश्चिक | : धार्मिक एवम् सामाजिक काममा मन जाने छ । |
| धनु | : ज्ञानमूलक विषयमा सक्रिय भइने समय छ । |
| मकर | : प्राविधिक र सीपमूलक काममा मन जाने छ । |
| कुम्भ | : शरीर स्वस्थ रहने समय योग देखिन्छ । |
| मीन | : बाचाबन्धन पूरा गर्न खट्नुपर्ने समय छ । |

# डिजिटल नेपालको लागि सरकारको १०० दिने रुपान्तरण योजना



**अरविन्द साह**



लामो समयसम्म नारामा सीमित नेपालको डिजिटल रूपान्तरण कार्यक्रम अब कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको वर्तमान सरकारले प्रस्तुत गरेको १०० दिने डिजिटल एजेन्डाले पारदर्शिता, जवाफदेहिता र प्रविधि-आधारित सुशासनलाई केन्द्रमा राख्दै राज्य सञ्चालनको नयाँ मोडेल निर्माण गर्ने संकेत दिएको छ । बालेन शाह नेतृत्वको सरकारलाई जनताले विशेषगरी जेनजी पुस्ताको अपेक्षा-भ्रष्टाचार अन्त्य, सेवा सहजता र डिजिटल नेपाल निर्माण लगायत कामको लागि जनादेश दिएको देखिन्छ ।

यस नीतिगत खाका अनुसार, 'लाइन होइन, अनलाइन' भन्ने अवधारणालाई व्यवहारमा उतार्ने लक्ष्य लिइएको छ । हाल नेपालमा डिजिटल पूर्वाधारको आधार तयार भइसकेको छ- २.४ करोडभन्दा बढी मोबाइल बैंकिङ प्रयोगकर्ता, १६ मिलियनभन्दा बढी राष्ट्रिय परिचयपत्र आवेदन र १५ लाखभन्दा बढी नागरिक एप प्रयोगकर्ता यसका प्रमाण हुन् ।

तर, समस्या प्रविधिको अभावमा भन्दा कार्यान्वयनको कमजोरीमा रहेको स्पष्ट देखिन्छ । सरकारी कार्यालयहरूले अझै डिजिटल कागजातलाई पूर्ण रूपमा मान्यता नदिने अवस्था, वितरण हुन नसकेका परिचयपत्रहरू र अधुरो डिजिटल सेवा प्रणालीले जनविश्वासमा असर पारिरहेको छ ।

सरकारले पहिलो १५ दिनमै क्याबिनेट निर्णयमार्फत नागरिक एपलाई कानूनी मान्यता दिने, सबै सरकारी प्रमाणपत्र अनलाइन डाउनलोड गर्न मिल्ने बनाउने र डिजिटल नेपाल फ्रेमवर्क २.० लागू गर्ने योजना अघि सारेको छ । यसले नागरिकलाई सरकारी सेवा लिन घण्टौं लाइन बस्नुपर्ने बाध्यताबाट मुक्त गराउने अपेक्षा गरिएको छ । यस्ता कदमहरूले प्रत्यक्ष रूपमा बिचौलिया अन्त्य गर्ने, भ्रष्टाचार घटाउने र सरकारी प्रक्रियालाई ट्र्याक गर्न मिल्ने बनाउनेछन् ।

नेपालको विद्यमान अवस्था हेर्दा, डिजिटल भुक्तानी क्षेत्रमा उल्लेखनीय सफलता देखिएको छ । निजी क्षेत्रद्वारा सञ्चालित खल्ती, ईसेवा, कनेक्ट आईपीएस जस्ता प्रणालीहरूले अर्थतन्त्रलाई नगदरहिततर्फ उन्मुख बनाइरहेका छन् । तर, ग्रामीण क्षेत्रमा अझै इन्टरनेट पहुँच कम (करिब १७ प्रतिशत) र डिजिटल साक्षरता केवल ३१ प्रतिशत मात्र हुनु चुनौतीका रूपमा रहेको छ । यसलाई सम्बोधन गर्न सरकारको नीति 'डिजिटल नेपाल सबैका लागि' कार्यक्रमलाई व्यावहारिक बनाउनेतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ ।

त्यसैगरी, विश्व बैंक र एशियाली विकास बैंकबाट स्वीकृत ९० मिलियन डलरको डिजिटल रूपान्तरण परियोजना अझै कार्यान्वयनमा नआएको अवस्था छ । यदि यो परियोजना तुरुन्त शुरु गर्न सकियो भने राष्ट्रिय डाटा एक्सचेन्ज प्लेटफर्म, साइबर सुरक्षा प्रणाली, डिजिटल सेवा पोर्टल जस्ता आधारभूत संरचना निर्माणमा ठूलो गति आउनेछ । यसले नेपाललाई एस्टोनिया जस्तो डिजिटल गभर्नेन्सको मोडेलतर्फ अघि बढाउन सहयोग पुऱ्याउनेछ ।

आईटी क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योगका रूपमा विकास गर्ने नीति पनि यो खाकाको महत्वपूर्ण पक्ष हो । जलविद्युत् र हिमाली चिसो वातावरणको प्रयोग गरी डाटा सेन्टर र एआई कम्प्युटिङ हब निर्माण गर्ने लक्ष्यले नेपाललाई 'ग्रीन डिजिटल इकोनोमी' मा रूपान्तरण गर्न सक्ने सम्भावना देखिन्छ । यसले लाखौं रोजगारी सिर्जना गर्नुका साथै विदेशी कम्पनीहरूलाई आकर्षित गर्न सक्नेछ ।

तर, चुनौती पनि कम छैनन् । साइबर सुरक्षा कमजोर छ- सरकारी वेबसाइटहरू ह्याक हुने घटनाले डिजिटल प्रणालीप्रतिको विश्वास घटाएको छ । कानूनी रूपमा पनि २००६ को इलेक्ट्रिक ट्रान्जेक्सन्स एक्ट अझै प्रयोगमा रहनु, नयाँ आईटी बिल नआउनु र डेटा संरक्षणको स्पष्ट कार्यान्वयन नहुनु गम्भीर कमजोरीका रूपमा रहेका छन् । यी सुधार नगरी डिजिटल रूपान्तरण दिगो बन्न सक्दैन ।

समग्रमा, नेपालको डिजिटल यात्रा अहिले निर्णायक मोडमा पुगेको छ । प्रविधि, नीति र जनसमर्थन सबै उपलब्ध छन्, तर सफलता कार्यान्वयनमा निर्भर हुनेछ । यदि सरकार पारदर्शी ड्यासबोर्डमार्फत आफ्नो प्रगति सार्वजनिक गर्दै समयसीमा अनुसार काम गर्न सफल भयो भने यसले नयाँ राजनीतिक संस्कार स्थापना गर्नेछ- जहाँ सरकार जनताप्रति जवाफदेही हुनेछ र निर्णयहरू डेटा र प्रविधिमा आधारित हुनेछन् ।

जेनजी पुस्ताले अपेक्षा गरेको पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री नेपाल निर्माण गर्ने अवसर अहिले उपलब्ध छ । यो केवल डिजिटल परियोजना होइन- सुशासनको नयाँ परिभाषा हो, जहाँ प्रत्येक सेवा अनलाइन, प्रत्येक निर्णय ट्र्याक योग्य, र प्रत्येक नेतृत्व जनताप्रति उत्तरदायी हुनेछ ।

*साह प्रतिनिधिसभा सदस्य हुन् ।*
*(स्रोत : अनलाईनखबर)*

# अमेरिका–इरान युद्धको राप र चीनको मौन विजय



**गणेश अम्गाईं**



विश्व-राजनीति अहिले एक अत्यन्तै जटिल मोडमा उभिएको छ, जहाँ अमेरिका र इरान बीचको बढ्दो तनाव र युद्धले विश्वको ध्यान खिचिरहेको छ । धेरैजसो विश्लेषक यो युद्धमा कसले बढी बम बर्साउँछ वा कसले रणनीतिक रूपमा बढी क्षति पुऱ्याउँछ भन्ने भौतिक कुरामा मात्र केन्द्रित छन् । तर, यो द्वन्द्वको पर्दा पछाडि एउटा यस्तो खेलाडी छ, जो युद्धको मैदानमा प्रत्यक्ष रूपमा नउत्रिएरै पनि वास्तविक विजेता बनिरहेको छ र त्यो देश हो चीन ।

चिनियाँ रणनीतिकारहरूका अनुसार युद्ध जित्ने सबैभन्दा उत्तम तरिका भनेकै विपक्षीलाई कमजोर बनाएर युद्ध नगरी विजय प्राप्त गर्नु हो । अमेरिका र इरान एकअर्काको शक्ति क्षीण पार्न व्यस्त भइरहँदा चीनले आफ्नो आर्थिक र राजनीतिक आधारलाई विश्वभर झनै मजबूत बनाइरहेको छ । यो कुनै संयोग नभएर चीनको हजारौं वर्ष पुरानो सामरिक सिद्धान्त 'सुन जु' को 'आर्ट अफ वार' मा आधारित एउटा सुझबुझपूर्ण चाल हो, जसले शत्रुलाई आफ्नै भारले थिच्ने रणनीति लिन्छ ।

यसैबीच, युद्ध रोक्नका लागि भएका पछिल्ला कूटनीतिक प्रयासहरू झनै निराशाजनक देखिएका छन् । पाकिस्तानको मध्यस्थतामा इरान र अमेरिका बीच १० बुँदे सहमति भई दुई हप्ताको युद्धविराम गर्ने घोषणा गरिएको भए तापनि त्यसलाई इजरायलले पूर्णतः लत्याइदिएको छ । लेबनानमा १० घण्टा पनि नबित्दै इजरायलले गरेको भयानक बमबारीले यो युद्धविरामलाई कागजमा मात्र सीमित तुल्यायो ।

इरान र अमेरिका दुवै पक्ष कतिपय अवस्थामा युद्ध अन्त्यको प्रयासमा देखिए पनि इजरायल यसमा मुख्य बाधक बनेर उभिएको छ । हालै मात्र पाकिस्तानको इस्लामावादमा अमेरिकी उपराष्ट्रपति जेडी भान्स सहितको टोली र इरानी विदेश मन्त्री बीच भएको वार्ता समेत परिणामविहीन देखिएको छ । यसले अमेरिकी कूटनीतिको असफलतालाई स्पष्ट पारेको छ, जहाँ अमेरिका कुनै अज्ञात बाध्यताका कारण इजरायलको पछाडि लाग्दा आफैं कमजोर बन्ने बाटोमा धकेलिएको देखिन्छ ।

यो द्वन्द्वको भित्री पाटो हेर्ने हो भने, इजरायल 'ग्रेटर इजरायल' को सपना साकार पार्न चाहन्छ भने इरान मध्यपूर्वमा एक क्षेत्रीय महाशक्तिको रूपमा स्थापित हुन दृढ छ । अमेरिकाको मुख्य स्वार्थ मध्यपूर्वमा 'पेट्रो डलर' को वर्चस्व कायम राख्नु हो भने चीन र रूसको साझा रुचि 'डी-डलराइजेसन' मार्फत अमेरिकी डलरको साम्राज्य ढाल्नु र अमेरिकालाई विश्व मञ्चमा कमजोर बनाउनु रहेको छ ।

चीनको यो रणनीतिक सफलतालाई बुझ्न उसको 'विन-विन' सिद्धान्त र यसले पार्ने दीर्घकालीन प्रभावलाई हेर्नुपर्छ । अमेरिकाले अहिले आफ्नो 'ह्यामर' रणनीति अपनाइरहेको छ, जसको अर्थ हो कुनै पनि विश्वव्यापी समस्यालाई केवल सैन्यशक्ति वा बमको प्रयोग गरेर समाधान गर्ने हतारो देखाउनु । तर, चीनले भने धैर्यका साथ परिस्थिति विकसित हुन दिन्छ र विपक्षीहरू आपसमा जुधेर पूर्ण रूपमा थाकेपछि आफ्नो शान्तिपूर्ण प्रभाव विस्तार गर्छ ।

यदि अमेरिकाले इरानमाथि पूर्ण विजय हासिल गरे पनि चीनलाई कुनै घाटा छैन, किनकि अमेरिकाले यो महँगो युद्धका लागि पुनः खरबौं डलर ऋण लिनुपर्ने हुन्छ । अमेरिकाको राष्ट्रिय ऋण अहिले ३६ ट्रिलियन डलर भन्दा माथि पुगिसकेको छ र यसको ठूलो हिस्सा चिनियाँ स्वामित्वमा रहेका ऋणपत्रहरूमा आधारित छ । अमेरिकाले जति धेरै युद्धमा खर्च गर्छ, उसको आन्तरिक वित्तीय प्रणाली त्यति नै कमजोर हुँदै जान्छ, जसले अन्ततः चीनलाई विश्वव्यापी आर्थिक प्रतिस्पर्धामा अझ शक्तिशाली र निर्णायक बनाउँछ ।

अर्कोतर्फ, यदि अमेरिका इरानसँगको युद्धमा असफल भएर मध्यपूर्वबाट लज्जास्पद रूपमा पछि हट्नुपर्ने अवस्था आयो भने, त्यो चीनका लागि अझ ठूलो ऐतिहासिक अवसर हुनेछ । विश्वको तेल व्यापारमा लामो समयदेखि कायम रहेको 'पेट्रो डलर' प्रणाली अमेरिकी वैश्विक शक्तिको मुख्य मेरुदण्ड हो । इरानले 'स्ट्रेट अफ हर्मुज' लाई आफ्नो नियन्त्रणमा राखेर वा अमेरिकी सुरक्षाको ग्यारेन्टीलाई सैन्य चुनौती दिएर यो वित्तीय प्रणालीलाई कमजोर बनाइरहेको छ ।

विश्वका धेरै उदीयमान देशहरूले अमेरिकी डलरको विकल्प खोजिरहेका बेला चीनले आफ्नो मुद्रा 'युआन' लाई तेल व्यापारको वैकल्पिक माध्यम बनाउन निकै आक्रामक रूपमा खोजिरहेको छ । साउदी अरब, रूस र इरान जस्ता ठूला तेल उत्पादक राष्ट्रहरूले विस्तारै युआनमा व्यापार गर्न थाल्नुले अमेरिकी डलरको विश्वव्यापी एकाधिकार र वित्तीय साम्राज्य अन्त्य हुने स्पष्ट संकेत गर्दछ, जुन वास्तवमा चीनको ठूलो रणनीतिक र आर्थिक जित हो ।

चीनको महत्त्वाकांक्षी 'बेल्ट एण्ड रोड इनिसिएटिभ' परियोजनामा इरानको भौगोलिक अवस्थिति र ऊर्जा भण्डार अत्यन्तै महत्वपूर्ण मानिन्छ । इरानलाई चीनले मध्यपूर्व, मध्य एसिया र युरोप जोड्ने एउटा प्रमुख सेतु र ऊर्जाको सुनिश्चित केन्द्रको रूपमा हेरेको छ । सन् २०२१ मा चीन र इरान बीच भएको ४०० बिलियन डलरको २५ वर्षे रणनीतिक साझेदारीले यो सम्बन्धलाई अझ प्रगाढ र औपचारिक बनाएको छ ।

अमेरिकाले इरानमाथि जतिसुकै कठोर प्रतिबन्ध लगाए पनि चीनले इरानी तेल खरिद गरिरहेको छ, जसले इरानको अर्थव्यवस्थालाई पतन हुनबाट टिकाइराख्न मद्दत गरेको छ । अमेरिकाले इरानलाई कमजोर पार्न जति बढी दबाब र सैन्य धम्की दिन्छ, इरान त्यति नै बढी चीनको आर्थिक छाता र सामरिक प्रभावभित्र पूर्ण रूपमा पर्न बाध्य हुन्छ । यसरी अमेरिकाको कट्टर शत्रु इरान विस्तारै चीनको एक अटल र आश्रित साझेदार बन्न पुगेको छ, जुन अमेरिकी विदेश नीतिको एक ठूलो रणनीतिक विफलता मान्न सकिन्छ ।

विश्वका धेरै विकासोन्मुख देशहरूले अमेरिकाको यो आक्रामक र हस्तक्षेपकारी सैन्य शैलीलाई निकै नजिकबाट र संशयका साथ नियालिरहेका छन् । धेरै राष्ट्रहरूमा यो गहिरो डर पैदा भएको छ कि यदि उनीहरूले कुनै दिन अमेरिकी स्वार्थ विपरीत काम गरे भने कुनै पनि बहानामा बमबारी वा आर्थिक प्रतिबन्धको शिकार हुन सक्छन् । यसैले गर्दा ती देशहरू विकल्पको रूपमा चीनको 'साझेदारी' प्रस्तावप्रति झनै आकर्षित भइरहेका छन् ।

चीनको कूटनीतिक प्रस्ताव सरल छ- हामी तपाईंको पूर्वाधार निर्माण गर्छौं, सडक र बन्दरगाह बनाउँछौं र तपाईंको आन्तरिक राजनीतिक मूल्य-मान्यतामा कुनै हस्तक्षेप गर्दैनौं । चीनले आफूलाई 'अहस्तक्षेपकारी' र विकासमुखी शक्तिको रूपमा प्रस्तुत गर्दा अफ्रिका, दक्षिणपूर्वी एसिया र ल्याटिन अमेरिकाका देशहरू विस्तारै अमेरिकी खेमा छोडेर चिनियाँ प्रभाव क्षेत्रमा प्रवेश गरिरहेका छन् । अमेरिकी सुरक्षाको भरोसा टुट्दै जानु र चिनियाँ विकासको मोडल लोकप्रिय हुनुले विश्व शक्ति सन्तुलनमा ठूलो र अपरिवर्तनीय परिवर्तन ल्याएको छ ।

इतिहासलाई हेर्ने हो भने पनि शक्तिशाली राष्ट्रहरू आपसमा लडेर कमजोर हुँदा सधैं तेस्रो शक्तिको उदय भएको धेरै उदाहरण छन् । प्राचीन ग्रीसमा एथेन्स र स्पार्टा बीचको लामो २७ वर्षे युद्धले दुवैलाई क्षत-विक्षत बनायो, जसको फाइदा उठाएर म्यासेडोनियाका फिलिप र महान् सिकन्दरले सजिलै आफ्नो साम्राज्य विस्तार गरे ।

त्यसैगरी, पहिलो र दोस्रो विश्वयुद्धमा बेलायत र जर्मनी जस्ता पुराना शक्तिहरू आपसमा जुधेर कमजोर भएपछि नै अमेरिका विश्वको नयाँ निर्विकल्प महाशक्ति बनेको थियो । अहिलेको परिप्रेक्ष्यमा अमेरिका एथेन्स जस्तै छ भने इरान स्पार्टा जस्तै आक्रामक र चीन भने म्यासेडोनियाको भूमिकामा अत्यन्तै धैर्यका साथ आफ्नो पालो पर्खिरहेको छ ।

चीनले अरूलाई युद्धको दलदलमा होमेर आफू भने भित्रभित्रै उच्च प्रविधि, डिजिटल पूर्वाधार र सैन्य आधुनिकीकरणमा व्यापक लगानी गरिरहेको छ, जसले गर्दा भविष्यको विश्व व्यवस्थामा उसको स्थान निर्विकल्प र सुरक्षित देखिन्छ ।

अमेरिकामा अहिले कुनै सुस्पष्ट दीर्घकालीन राष्ट्रिय योजनाको अभाव देखिएको छ, जहाँ राजनीति केवल तत्कालको स्वार्थमा केन्द्रित छ । त्यहाँको शासन व्यवस्था प्रायः क्षणिक आवेगपूर्ण निर्णय र अर्को निर्वाचनको परिणामलाई लक्षित गरी लोकप्रियतावादी कुरामा मात्र चलाइने गरिन्छ । इरानमाथि बम खसाल्ने र आक्रमण गर्ने निर्णय त सजिलै भयो, तर त्यसपछिको 'प्लान बी' वा युद्धपछिको स्थिरता के हो भन्नेमा अमेरिकी नेतृत्व कतै पनि स्पष्ट छैन ।

अर्कोतिर चीनले आफ्नो १५औं 'पञ्चवर्षीय योजना' मार्फत आर्टिफिसियल इन्टेलिजेन्स, हरित ऊर्जा र उच्च शिक्षामा व्यापक सुधार ल्याउने स्पष्ट लक्ष्यका साथ काम गरिरहेको छ ।

...बाँकी पृष्ठ ३ मा

# शैक्षिक गुणस्तर सुधार गर्न अभिभावकलाई ब्युझाउनुपर्छः प्रधानाध्यापक उप्रेती




नानीमाया सापकोटा

हेटौँडाः अघिल्ला वर्षहरुमा भन्दा शैक्षिक गुणस्तरमा सुधार आएको हेटौँडा-१ स्थित अमर माविकी प्रधानाध्यापक मालती उप्रेतीको दावी छ । अघिल्ला वर्षहरुमा भन्दा अनुत्तीर्ण हुने दरमा कमी मात्रै आएको होइन, पठनपाठनप्रति अभिभावक तथा विद्यार्थीहरुको धारणामा पनि परिवर्तन आउँदै गएको देख्दा प्रधानाध्यापक उप्रेतीलाई विद्यालयमा केही प्रगति भएकै हो भन्ने लाग्छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक तथा कर्मचारीको समन्वय राम्रो भएकोले यो फरकपना आएको उप्रेतीको भनाइ छ ।

हुन त अघिल्लो वर्ष विद्यालयमा ६ सय ५० जना विद्यार्थीहरु अध्ययन गर्दथे तर यस वर्ष विद्यालयमा विद्यार्थी संख्या घटेको छ । यस वर्ष छ सय ८२ जना विद्यार्थीमात्र यस विद्यालयमा पढे । तर विद्यालयको गुणस्तर घटेको कारण नभएर स्थानीय क्षेत्रमा अर्को आधारभूत विद्यालय यस वर्षबाट माध्यमिक तहमा परिणत भएको कारण विद्यार्थी घटेको उहाँको दावी छ । यसअघि धेरै विद्यार्थी आउने वडा नं ११ सिमलटारको शंकरज्योति आधारभूत विद्यालयमा यस वर्ष एसईई पहिलो ब्याचले परीक्षा दिएका छन् । विगतमा यो विद्यालय क्षेत्र वरिपरिका विद्यार्थीहरु माध्यमिक तहमा पढ्न अमर मावि नै जाने गर्दथे ।

अघिल्लो शैक्षिक सत्रमा विद्यालयले धेरै कार्यक्रम थप गऱ्यो । विद्यालय व्यवस्थापन समितिले अघिल्लो वर्ष शिक्षण सिकाइ सुधार योजना ल्याउने निर्णय गऱ्यो । यस कार्यक्रमपछि विद्यालयले अभिभावकहरुलाई सक्रिय बनाउन प्राथमिकता दियो । वर्षमा कम्तीमा तीन पटक अभिभावक बैठकमा उपस्थित हुनैपर्ने, सबैभन्दा धेरै पटक विद्यालयमा सक्रियता देखाउने अभिभावकहरुलाई सम्मानको व्यवस्थासमेत गरिएको उप्रेतीले बताउनुभयो । अभिाभावकको सक्रियतापछि बालबालिकाको वास्तविक समस्याबारे शिक्षक र अभिभावकबिच अन्तरक्रिया गरिने गरेको उहाँले बताउनुभयो ।

पूर्वप्राथमिक कक्षाहरु इसीडी, केजी तथा कक्षा ३ सम्म कक्षामा दुई जना शिक्षकहरु राखेर पठनपाठन गर्न थालियो । यसले गर्दा सबै कक्षाका विद्यार्थीलाई बराबर ध्यान दिन सहज भएको बुझाई छ । नयाँ शैक्षिक सत्र सुरु हुनै लाग्दा विद्यालयले यसवर्ष पनि परिमार्जितरुपमा शिक्षण सिकाइ सुधार योजनामा कार्यक्रम थप गर्दै लैजान विद्यालय व्यवस्थापन समितिको बैठकले निर्णय गर्ने विद्यालयको योजना छ ।

विद्यालयले बैशाख ७ गतेबाट पुस्तक वितरण तथा भर्ना र १० गतेबाट कक्षा सुरु गर्ने तयारी गरेको छ । यसअघि निस्क्रिय रहेका अभिभावकहरु पनि नियमित बैठकमा आउन थालेको उप्रतीको भनाइ छ । यस्तै, विद्यार्थीहरु उत्तीर्ण हुने दर बढेर प्रत्येक विषयमा ८० प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएका प्रधानाध्यापक उप्रेतीको दावी छ ।

हाल माध्यमिक तहका लागि संघीय अनुदानमा ३ जना शिक्षकहरु रहेको यस विद्यालयमा माध्यमिक तहमा १ जनाको पनि दरबन्दी छैन । यी ३ जनाबाहेक अन्य प्राथमिक तहका शिक्षकहरुले धानेको यो विद्यालयमा कुल २३ जना शिक्षकहरु रहेका छन् । विद्यालयको आर्थिक स्रोत नहुँदा विद्यालय व्यवस्थापन गर्नु चुनौती नै बनेको उहाँको अनुभव छ । स्थानीय सरकारले दिएका विभिन्न शीर्षकका खर्चहरु तिनै शीर्षकमा सकिन्छन् । विद्यालयमा आइपर्ने विभिन्न भौतिक पूर्वाधार तथा मर्मत सम्भारका नदेखिने खर्चहरु व्यवस्थापन गर्न असहज भएको उहाँले गुनासो गर्नुभयो ।

प्रधानाध्यापकले प्राज्ञिक पक्षभन्दा विद्यालय व्यवस्थापनमा बढी ध्यान दिनुपरेको विषयसमेत उहाँलाई खड्किएको छ । यदि स्थानीय तहले सामुदायिक विद्यालयका सबै खर्चहरु मिलाइदिने हो भने शैक्षिक गुणस्तरमा पूर्ण ध्यान दिन पाइने उहाँको अपेक्षा छ । यसअघि एसईईका विद्यार्थीहरुलाई बन्द शिविरमा राखेर कक्षा सञ्चालन गरिएको र अन्य कक्षामा पछाडि परेका विद्यार्थीहरुलाई थप छुट्टै कक्षा लिएर सुधारको प्रयास गरेको विद्यालयले जनाएको छ ।

विद्यालयमा सकारात्मक सुधार ल्याउन विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा शिक्षकहरुको सक्रियता र समन्वय जरुरी भएको भन्दै अभिभावकलाई सचेत बनाउन सकिएमा विद्यालयको गुणस्तर सुधारको बाटो सुरु हुने उहाँले बताउनुभयो । स्थानीय तहले आर्थिक स्रोत साधन, अनुगमन गरी अभिभावकत्व देखाउने र सुधारका विभिन्न योजनाहरुको व्यवस्थापन गरेमा सामुदायिक विद्यालयहरु सुधारको बाटोमा लाग्ने उहाँको सुझाव छ ।

# हेटौँडा-५ को वडा कार्यालय भवन उद्घाटन


वडा कार्यालयको नवनिर्मित भवन ।

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर ५ को वडा कार्यालयको नवनिर्मित भवन उद्घाटन गरिएको छ । नयाँ वर्षको दिन मंगलबार वडा कार्यालय भवनको उद्घाटन गरिएको हो । भवन उद्घाटनसँगै वडा कार्यालय अब आफ्नै भवनमा सञ्चालन हुने भएको छ ।

हेटौँडा-५, राईटोलमा रहेको डेढ कट्ठा सार्वजनिक जग्गामा निर्मित भवन नगरप्रमुख मिना कुमारी लामाले उद्घाटन गर्नुभयो । बागमती प्रदेश सरकार, हेटौँडा उपमहानगरपालिका र वडाको संयुक्त लगानीमा १ करोड ६ लाख रुपैयाँको लागतमा १२ कोठाको भवन निर्माण भएको हो । स्थानीय उपभोक्ता समितिद्वारा २०८१ साल माघ महिनादेखि सुरु भएको निर्माण कार्य गत चैत महिनामा सम्पन्न भएको थियो । हेटौँडा-५ का वडाध्यक्ष सुशील घिमिरेको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका अन्य वडाका वडाध्यक्षहरु र विभिन्न सामाजिक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । हेटौँडा उपमहानगरका १९ वटा वडा मध्ये वडा नम्बर २ र १६ को कार्यालय अहिले भाडाको घरमा सञ्चालन भइरहेको छ । यस्तै, वडा नम्बर ६ को कार्यालय पनि आधा भाडाकै घरमा सञ्चालनमा रहेको छ ।

# कडा रोगविरुद्ध उपचारका लागि विपन्नलाई सिफारिस

समाज संवाददाता

हेटौँडाः कडा रोगहरुको निःशुल्क तथा सहुलियत उपचारका लागि हेटौँडा उपमहानगरपालिकाबाट १ सय ९८ जना विपन्नहरुले सिफारिस लिएका छन् । साउनयता चैतसम्मको ९ महिनाको अवधिमा कुल १ सय ९८ जना गरिब तथा विपन्नहरुलाई अस्पतालको उपचारमा दिँदै आएको निःशुल्क वा सहुलियत सुविधा प्राप्त गर्नका लागि उपमहानगरपालिकाको स्वास्थ्य शाखाबाट सिफारिस लिएका हुन् ।

मुटु, क्यान्सर, स्पाइनल इन्जुरी, मिर्गौला, पार्किन्सन, अल्जाइमर्स, हेड इन्जुरी र सिकलसेल एनिमिया गरी तोकिएका ८ प्रकारका रोगहरुमा उपचारका लागि बिपन्नहरुले सहुलियतपूर्ण तथा निःशुल्क उपचार सेवा प्राप्त गर्नका लागि सिफारिस दिइने प्रावधान छ । यी रोगहरुमध्ये तीन रोगहरुः मिर्गौला रोग तथा डायलाइसिस उपचारमा संग्लग्न, क्यान्सर, स्पाइनल इन्जुरी भएका विपन्नहरुका लागि नेपाल सरकारको कार्यक्रमअनुसार मासिक ५ हजारको दरले प्रदान गर्ने गरिन्छ ।

नेपाल सरकारले ७७ मध्ये २५ वटा जिल्लामा लागू गरिएको कार्यक्रम मकवानपुरमा पनि सबै स्थानीय तहहरुले लागू गरेका छन् । हेटौँडा उपमहानगरपालिकाबाट ७ जनालाई ५ हजारको दरले मासिक उपचार सुविधा दिँदै आएकोमा यस वर्ष १ जनाको निधन भई हाल ६ जनाले उपचार खर्च पाउँदै आएको हेटौँडा उपमहानगरपालिका स्वास्थ्य शाखाले जनाएको छ ।

स्थानीय तहले यी तोकिएका रोगहरुको परीक्षण, औषधि उपचार लगायतमा हुने खर्चमा सहुलियत वा निःशुल्क सेवा प्रदानका लागि विपन्न तथा गरिबको परिचयपत्र भएकाहरुलाई सिफारिस दिँदै आएको छ । हेटौँडा उमहानगरपालिकामा ४६ हजार घरधुरी रहेकोमा करिब २ हजार ५ सयले विपन्नताको परिचयपत्र प्राप्त गरेका छन् ।

## जिल्ला प्रहरी कार्यालयद्वारा चैत महिनाको प्रगति विवरण सार्वजनिक

# घटेन आत्महत्याको संख्या

समाज संवाददाता

हेटौँडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले बुधबार चैत महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ । प्रहरीले सार्वजनिक गरेको तथ्याङ्कअनुसार जिल्लामा आत्महत्या गर्नेको संख्यामा भने कमी आउन सकेको छैन । फागुन महिनामा जस्तै चैत महिनामा पनि ५ जना महिला र ५ जना पुरुष गरी कुल १० जनाले आत्महत्या गरेका छन् ।

सो अवधिमा जिल्ला प्रहरी कार्यालयमा परेका ११८ उजुरीमध्ये पुरानासहित १४३ वटा र जिल्ला प्रशासन कार्यालयबाट आएका १८ उजुरीमध्ये १५ वटा फछ्र्यौट भएको प्रहरीले जनाएको छ । प्रहरीको विवरणअनुसार चैत महिनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकतर्फ २६ वटा र घरेलु हिंसातर्फ २३ वटा उजुरी दर्ता भएका छन् ।

यसैगरी, जिल्लामा अभद्र व्यवहारका २९ वटा, बैंकिङ कसुरका २० वटा र जबरजस्ती करणीका २ वटा घटना घटेका छन् । प्रहरीले चालु मुद्दाका १२६ जना प्रतिवादीलाई पक्राउ गरेको छ भने फैसला कार्यान्वयन भइसकेका मुद्दामा ३७ जना प्रतिवादीलाई पक्राउ गरी ७४ लाख ६ हजार ३ सय रुपैयाँ बिगो रकम असुल गरेको छ ।

लागूऔषध नियन्त्रणतर्फ प्रहरीले उल्लेख्य सफलता प्राप्त गरेको छ । चैत महिनामा १९१ किलो गाँजा, ४४५ मिलिग्राम हेरोइन, ३ किलो ४७८ ग्राम अफिम र ३४ पिस ट्रमाडोल बरामद गरिएको छ । यी अवैध सामग्री ओसारपसारमा संलग्न ५ वटा सवारी साधन र ३८ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै, एक महिनाको अवधिमा जिल्लामा ३७ वटा सवारी दुर्घटना भएका छन्, जसमा ४ जनाको मृत्यु र १२१ जना घाइते भएका छन् । सवारी दुर्घटनामा परेका ८५ जनालाई प्रहरीले उद्धार गरेको थियो ।

ट्राफिक नियम उल्लंघन गर्ने १ हजार ६६९ जनालाई कारबाही गर्दा १५ लाख ५३ हजार रुपैयाँ राजस्व संकलन भएको प्रहरी जनाएको छ । अवैधरुपमा भन्सार छली ल्याइएका ७ लाख ४५ हजार ७८६ रुपैयाँ बराबरका सामानहरु पनि प्रहरीले बरामद गरेको छ । यसैगरी, चैत महिनामा जिल्लामा ६ वटा आगलागीका घटना हुँदा १८ लाख ४५ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

अवैध मदिरा नियन्त्रण अभियान अन्तर्गत ४ हजार ५ सय लिटर तयारी घरेलु मदिरा र ७ हजार ५ सय लिटर कच्चा पदार्थ बरामद गरी ७ जनालाई पक्राउ गरेका छन् । प्राकृतिक सम्पदा दोहनमा संलग्न २१ वटा सवारी साधनलाई नियन्त्रणमा लिई १ लाख ७६ हजार रुपैयाँ जरिवाना गरेको छ । नागरिक सहायता कक्षका अनुसार महिनाभरीमा ६ हजार ३ सय ४४ जनाले कार्यालयबाट सेवा प्राप्त गरेका छन् । यस्तै, प्रहरीले बागमती गाउँपालिकाबाट एक थान भरुवा बन्दुकसहित एक जनालाई नियन्त्रणमा लिएको छ भने अर्को एक स्थानमा बेवारिसे अवस्थामा रहेको एकनाले भरुवा बन्दुकसमेत फेला पारेको छ ।

## अमेरिका-इरान...

अमेरिका युद्धमा खरबौं डलर स्वाहा पारिरहँदा चीनले ती अमूल्य स्रोतहरुलाई सेमिकन्डक्टर र भविष्यका उद्योगहरुमा खर्च गरिरहेको छ । एउटा राष्ट्र सैन्य विनाशको बाटोमा छ भने अर्को भविष्य निर्माणको बाटोमा, र यही भिन्नताले नै आउने दशकहरूमा विश्वको नेतृत्व कसले गर्छ भन्ने कुराको अन्तिम निर्धारण गर्ने निश्चित छ ।

तेलको राजनीति र ऊर्जा सुरक्षामा पनि चीनले यो द्वन्द्वबाट ठूलो सामरिक फाइदा उठाइरहेको छ । विश्वकै सबैभन्दा ठूलो तेल आयातकर्ता हुनुको नाताले चीनलाई आफ्नो विशाल उद्योग चलाउन सस्तो ऊर्जाको निरन्तर आवश्यकता छ । इरानमाथिको अमेरिकी प्रतिबन्धले गर्दा इरानले आफ्नो तेल विश्व बजार मूल्य भन्दा निकै सस्तो दरमा केवल चीनलाई बेच्न बाध्य भएको छ ।

यसले गर्दा चिनियाँ उत्पादनमूलक उद्योगहरूले अन्य देशको तुलनामा कम लागतमा सामान उत्पादन गर्न सकिरहेका छन्, जसले विश्व बजारमा चिनियाँ सामानको एकाधिकार र प्रतिस्पर्धात्मक क्षमता बढाएको छ ।

अमेरिकाले इरानलाई आर्थिक रुपमा अपाङ्ग बनाउन खोज्दा अनपेक्षित रूपमा चीनले सस्तो तेल पाएर आफ्नो औद्योगिक विकासको गतिलाई झनै तीव्र बनाएको छ । यो युद्धले अमेरिकी अर्थतन्त्रलाई महँगी र ऋणको भार बोकाएको छ भने चीनलाई ऊर्जा सुरक्षा र ठूलो औद्योगिक लाभ प्रदान गरेको छ ।

अन्त्यमा, हामी अहिले 'युनिपोलर' विश्वबाट धेरै शक्ति केन्द्रहरू भएको 'मल्टिपोलर' विश्वतर्फको संक्रमणकालीन र चुनौतीपूर्ण चरणमा छौं । ब्रिक्स र सांघाई सहयोग संगठन जस्ता संस्थाहरूको विस्तारले अमेरिकी नेतृत्वको जी-७ र नाटोको पुरानो प्रभुत्वलाई सिधै चुनौती दिइरहेका छन् । साउदी अरब, इजिप्ट र यूएई जस्ता अमेरिकाका पुराना मित्र देशहरूले पनि विस्तारै ब्रिक्समा जोडिनुले विश्वको आर्थिक केन्द्रबिन्दु पश्चिमबाट पूर्वतर्फ सरिरहेको स्पष्ट सन्देश दिन्छ ।

यो ऐतिहासिक परिवर्तनलाई अमेरिका-इरान युद्धले उत्प्रेरकको रूपमा अझ तीव्र बनाएको छ । अमेरिकाले आफूलाई विश्वको प्रहरी ठान्दा आफ्नै आर्थिक जग र नैतिक आधार गुमाउँदै गएको छ भने चीनले आफूलाई एक जिम्मेवार, स्थिर र विकासप्रेमी शक्तिको रूपमा विश्वसामु स्थापित गर्न सफल भएको छ ।

तसर्थ, अमेरिका र इरान बीचको यो युद्धमा जोसुकैले क्षणिक जितको दाबी गरे पनि वास्तविक र दीर्घकालीन रणनीतिक फाइदा भने चीनले नै उठाएको छ । युद्ध सकिंदा अमेरिका आर्थिक रूपमा थकित, विभाजित र ऋणले थिचिएको हुनेछ भने इरान केवल अस्तित्व जोगाउन संघर्षरत रहनेछ । तर चीन भने यो समयमा अझ बढी आर्थिक आत्मविश्वास, प्रविधिको पकड र विश्वव्यापी कूटनीतिक प्रभावका साथ विश्व मञ्चमा नयाँ नायकको रूपमा उभिनेछ ।

यो केवल भाग्य वा संयोग नभई एक निकै गहिरो र प्राचीन सामरिक बुद्धिमताको सफल कार्यान्वयनको परिणाम हो । इतिहासले बारम्बार देखाउँछ कि जो धैर्यवान् छ र जसले आफ्ना विपक्षीलाई आपसमा जुधाएर आफू बाहिर बस्न सक्छ, उही नै अन्तिम विजेता बन्छ । अमेरिका युद्ध लडिरहेको छ, इरान अस्तित्वको लडाइँमा छ, तर चीन भने कुनै पनि क्षति विना निर्विवाद रूपमा यो युद्ध जितिरहेको छ ।

(स्रोत : अनलाईनखबर)

# घरेलु मदिरा उत्पादन गर्ने ४ जना पक्राउ

समाज संवाददाता

हेटौँडा : हेटौँडामा घरेलु मदिरा बनाउने ४ जना पक्राउ परेका छन् । मकवानपुर प्रहरीले आइतबार विशेष सूचनाको आधारमा हेटौँडा-१, चौकिटोलस्थित जगत बहादुर घिसिङको घरमा छापा मारेको थियो ।

घिसिङको घरमा भट्टि सञ्चालन गरी घरेलु मदिरा उत्पादन भइरहेको भन्ने सूचना पाएपछि प्रहरीले खानतलासी गरेको थियो । सो क्रममा प्रहरीले ४ हजार लिटर तयारी घरेलु मदिरा र ५ हजार लिटर मदिरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ बरामद गरेको थियो । साथै, मदिरा बनाउन प्रयोग गरिने ८ थान ग्यास सिलिण्डर, २ थान भट्टीचुलो लगायतका अन्य सामग्रीहरू समेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

मदिरा उत्पादनमा संलग्न रहेको आरोपमा प्रहरीले ४ जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेहरूको परिचय भने खुलाइएको छैन । बरामद गरिएको तयारी मदिरा र कच्चा पदार्थलाई स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणको रोहबरमा घटनास्थलमै नष्ट गरिएको छ ।

## बागमती प्रदेशमा...

यातायातको भाडादर आफ्नै हिसाबले कायम गर्न पाउँछन्, यो उहाँहरूको अधिकार क्षेत्रभित्रको कुरा हो ।' संघीय सरकारले भाडा समायोजन गर्दा पेट्रोलियम पदार्थको मूल्य एउटा बिन्दुमा रहेको थियो । तर त्यसको केही दिनमै इन्धनको मूल्यमा आएको तीव्र उतारचढावका कारण प्रदेशले फरक दर कायम गरेको हुन सक्ने उनको भनाइ छ । निर्देशक यादवका अनुसार इन्धनको मूल्यमा लगातारको वृद्धिका कारण भाडा दरमा चाप परेको हो ।

यसैबिच यातायात व्यवसायीहरूले इन्धनको मूल्य फेरि बढेको भन्दै भाडादर पुनरवलोकन गर्न विभागलाई दबाब दिइरहेका छन् । केन्द्र सरकारले तोकेको भाडादर फेरि बढ्छ कि भन्ने प्रश्नमा निर्देशक यादवले भने, 'अहिले नै भाडा बढिहाल्छ भन्न सकिने अवस्था छैन । तर, व्यवसायीहरूले माग राखेका छन् र यसबारे विभागमा छलफल भइरहेको छ ।' इन्धनको मूल्यमा हुने उतारचढावका कारण भाडा समायोजनको विषय चुनौतीपूर्ण बनेको र यसबारे ठोस निर्णय हुन बाँकी रहेको उनको भनाइ छ ।


## शिक्षक आवश्यकता

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/०३)

प्रस्तुत विषयमा बकैया गाउँ कार्यपालिकाको मिति २०८३/०१/०२ को च.नं. २२७४, प.सं. २०८२/०८३ (शिक्षा) को पदपूर्तिका लागि विज्ञापन अनुमति पत्रानुसार तथा यस विद्यालयको व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार रिक्त रहेको तपशिल अनुसारको कोटामा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गरिने भएकोले तपशिलका योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**
**१. विज्ञापन नं. : ०१/०८२/०८३**
२. तह : मा.वि. तृतीय करार, प्रदेश अनुदान
३. विषय : सूचना प्रविधि शिक्षण सिकाई शिक्षक
४. संख्या : १ (एक)
५. दरखास्त : रु.१०००/- (एक हजार रुपैयाँ मात्र )
६. न्यूनतम शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भएको, माथिल्लो योग्यतालाई प्राथमिकता दिइने ।
७. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
८. परीक्षाको किसिम : लिखित तथा मौखिक
९. सेवा सुविधा : अनुदान कोटाको नियमानुसार ।
१०. दरखास्त दिने अन्तिम मिति : २०८३/०१/१७ गते ।
११. सम्पर्क मिति : २०८३/०१/१८ गते ।
१२. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी दिईनेछ ।
**१३. आवश्यक कागजातहरू :**
क) नेपाली नागरिकताको प्रतिलिपी १ प्रति ।
ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
घ) हस्तलिखित निवेदन ।

**सम्पर्क : ९७६२६०६६९० (अध्यक्ष), ९८४५९७८११६ (प्र.अ.), ९८४५४०४२६० (स.प्र.अ.), ९८४५१०२४२७६ (लेखा)**

**श्री कर्मप्राप्ति माध्यमिक विद्यालय**
**बकैया-५, कर्मचुली, मकवानपुर**

## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
**सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४**

## हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौँडा रिफरेन्स ल्याबरोटरी**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## बागमती प्रदेश सभा सचिवालय
हेटौँडा, नेपाल

**चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०८३/१/३)

यस कार्यालयको परिसर भित्र रहेको चमेना गृह(क्यान्टिन) सञ्चालन गर्न इच्छुक नेपाली नागरिक तथा व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र दरभाउपत्र प्रस्ताव फाराममा उल्लेख गरिएको खाजा/खानाको परिकार र इकाई अनुसारको खाजा/खाना के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको विवरण खामबन्दी गरी कार्यालय कोड नं. २०२००३२०१३ तथा राजश्व शिर्षक नम्बर १४२२९ मा रा.वा.बैंक हेटौँडामा रहेको खाता नं. १०००१००२०००१०००० मा रु. १०००।०० (फिर्ता नहुनेगरी) जम्मा गरेको सक्कल भौचर संलग्न राखी कार्यालय समयभित्र यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस सचिवालयको वेवसाइट provincialassembly.bagamati.gov.np मा हेर्नुहुन अनुरोध छ ।



# राष्ट्रिय क्रिकेटर सन्दिप लामिछाने हेटौँडामा



एकेडेमीका किशोर खेलाडीको ब्याटमा हस्ताक्षर गर्नुहुँदै सन्दिप लामिछाने ।

समाज संवाददाता

हेटौँडा : नेपाली राष्ट्रिय क्रिकेट टोलीका स्टार स्पिनर सन्दिप लामिछानेले बुधबार हेटौँडा भ्रमण गर्नुभएको छ । हेटौँडा स्पोर्टस् एकेडेमीको निमन्त्रणामा हेटौँडा आउनुभएका लामिछानेले हेटौँडा-४, गर्दोईस्थित हेटौँडा स्पोर्टस एकेडेमीको अवलोकन गर्नुभएको हो ।

एकेडेमीमा आयोजित एक विशेष कार्यक्रमका बीच लामिछानेले त्यहाँ प्रशिक्षणरत खेलाडीहरूसँग आफ्ना खेल जीवनका अनुभवहरू साटासाट गर्नुभएको थियो । खेलाडीहरूसँग प्रश्नोत्तर गर्दै उहाँले सफलताका लागि अनुशासन र मानसिक स्वास्थ्य आवश्यक भएको बताउनुभयो । सधैं अनुशासित भएर अगाडि बढ्न र खेलमा आफूलाई के कुराले खुसी बनाउँछ, त्यसमा ध्यान केन्द्रित गर्न लामिछानेले सुझाव दिनुभयो । उहाँले खेलाडीहरूलाई सकारात्मक सोचको विकास गर्न सुझाव दिँदै राम्रा पुस्तकहरू पढ्न, प्रेरणादायी फिल्महरू हेर्न र नयाँ ठाउँको भ्रमण गर्न भन्नुभयो ।

अन्तरक्रियाका क्रममा उहाँले आफूलाई क्रिकेटबाहेक बास्केटबल खेल निकै मनपर्ने र भारतीय क्रिकेटर सचिन तेन्दुलकरबाट आफू प्रभावित रहेको बताउनुभयो । बाल्यकाल भारतमा बिते पनि आफूले क्रिकेट नेपालमै सिकेको लामिछानेको भनाइ छ । हार-जितलाई खेलको स्वभाविक प्रक्रियाका बताउँदै खेलाडीले आफूलाई मानसिक रूपमा सधैं स्वस्थ राख्नुपर्नेमा उहाँले जोड दिनुभयो । 'जब तपाईं उपलब्धि हासिल गरेर आफ्नो कठिन यात्रालाई फर्केर हेर्नुहुन्छ, तब मात्र वास्तविक गर्व महसुस हुन्छ', लामिछानेले भन्नुभयो । अन्तरक्रियामा ठट्टा गर्दै लामिछानेले आफूलाई क्रिकेटको सबभन्दा नराम्रो खेलाडी बताउनुभयो । एकेडेमीका खेलाडीहरुलाई हौसला दिँदै उपलब्धि हासिल गरेपछि माथिबाट फर्केर आफ्नो यात्रा हेर्दा वास्तविक गर्व महसुस हुने उहाँले बताउनुभयो । कार्यक्रममा मकवानपुरका क्रिकेटर शुभ कंसाकार पनि सहभागी हुनुहुन्थ्यो ।

# अरनिको माविले अंग्रेजी माध्यममा पढाउने

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१९, नेवारपानीस्थित अरनिको माध्यमिक विद्यालयले अभिभावकको आकर्षणअनुसार अंग्रेजी माध्यममा पठनपाठन गर्न सुरु गरेको छ । गत शैक्षिक सत्र-२०८२ मा पूर्वप्राथमिक तहदेखि ३ कक्षासम्म अंग्रेजी माध्यममा पठनपाठन गरेको विद्यालयले नयाँ शैक्षिक सत्र-२०८३ देखि कक्षा-४ सम्म अंग्रेजी माध्यममा पठनपाठन गर्ने जनाएको छ । बुधबार विद्यालयमै पत्रकार सम्मेलन गरेर नयाँ शैक्षिकसत्रमा विद्यालयको समग्र शैक्षिक सुधारको प्रयास गरिएको प्रधानाध्यापक विष्णु परियारले जानकारी दिनुभयो ।

अभिभावकको मागअनुसार अंग्रेजी माध्यममा पठनपाठन गर्न लागेपछि विद्यार्थी संख्यामा वृद्धि भएको उल्लेख गर्नुहुँदै प्रधानाध्यापक परियारले विद्यालयको समग्र सुधारको प्रयास भइरहेको बताउनुभयो । विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, कर्मचारी सबै मिलेर विद्यालयको शैक्षिक सुधारका क्रियाकलाप भइरहेको प्रधानाध्यापक परियारको भनाइ छ । २०८२ सालको वार्षिक परीक्षामा ३१ जना अनुपस्थित हुँदा ४ सय ७१ जना विद्यार्थीले परीक्षा दिएका थिए । परीक्षामा सहभागी मध्ये कक्षा-९ सम्मका १ सय ४१ जना विद्यार्थी अनुत्तिर्ण हुँदा २ सय ८१ विद्यार्थी उत्तीर्ण भएका छन् ।

यस वर्ष अरनिको माविबाट ४९ जना विद्यार्थीले एसईई दिएका छन् । पत्रकार सम्मेलनमा वडाध्यक्ष नरनाथ सुवेदीले विद्यालयको समग्र विकासमा वडा कार्यालयले निरन्तर साथ, सहयोग गर्दै आएको बताउनुभयो । सबैको साथ, सहयोगमा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, सबै बालबालिकालाई शिक्षा दिन वडाले आवश्यक सहयोग गर्ने वडाध्यक्ष सुवेदीले बताउनुभयो । विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष गान्धी घलानले पछिल्लो समय विद्यालयको शैक्षिक वातावरण राम्रो हुँदै गएको बताउनुभयो । सबैलाई समेटेर, सबैको साथ र सहयोगमा विद्यालयको शैक्षिक वातावरण सकारात्मक बन्दै गएको उल्लेख गर्नुहुँदै अझै धेरै मिहिनेत गर्नु आवश्यक रहेको अध्यक्ष घलानले बताउनुभयो ।

पत्रकार सम्मेलनमा सहभागी सञ्चारकर्मीले विद्यालयको शैक्षिक सुधारका लागि प्रधानाध्यापकको समन्वयकारी तथा नेतृत्वदायी भुमिका रहनुपर्ने सुझाव दिएका छन् । प्रधानाध्यापकले सबैलाई जिम्मेवारी प्रदान गर्ने, सहयोगी संस्था, व्यक्तिसँग आवश्यक पैरवी गर्ने र विद्यालयको समग्र सुधारमा ध्यान दिनुपर्नेमा जोड दिएका छन् । पत्रकार सम्मेलनमा विद्यालयको शिक्षक-अभिभावक संघका अध्यक्ष रामप्रसाद पौडेलको पनि उपस्थिति रहेको थियो ।



**सिक्दै शिक्षक** : शैक्षिक सत्र-२०८३ सुरुवातको क्रममा हेटौँडा-८ स्थित कमाने एकेडेमीका शिक्षकहरु शैक्षिक सामग्री निर्माणसम्बन्धी कार्यशालामा व्यस्त हुँदै । विद्यालयले पठनपाठन सुरु हुनुअघि शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माणसम्बन्धी कार्यशाला आयोजना गरेको जनाएको छ । पहिलो चरणमा गणित शिक्षकका लागि कार्यशाला आयोजना गरिएको विद्यालयले जनाएको छ । शिक्षकका लागि आयोजना गरिएको कार्यशालाले विद्यार्थीको भविष्यको शैक्षिक सफलताका लागि बलियो आधार निर्माण हुने विद्यालयको विश्वास छ ।

# रिक्त डाक्टरको पदमा ३ जनाको आवेदन

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका अन्तर्गत हटिया अस्पतालमा रिक्त रहेको मेडिकल अधिकृत (डाक्टर) पदका लागि प्रकाशित बिज्ञापनमा ३ जनाको आवेदन परेको छ । गत चैत ९ गते सो पदको विज्ञापन प्रकाशित गरेकोमा १५ दिनको म्याद सकिँदासम्म ३ जनाको आवेदन परेको हो ।

आवेदकको लिखित परीक्षा वैशाख ८ गते सञ्चालन हुने परीक्षा समितिले जनाएको छ । लिखित परीक्षामा उत्तीर्ण भएकाको अन्तरवार्ता मार्फत १ जना डाक्टर छान्ने हेटौँडा उपमहानगरपालिकाको जनस्वास्थ्य प्रमुख सूर्यप्रसाद तिवारीले बताउनुभयो ।

तिवारीका अनुसार हाल हटिया अस्पतालमा दैनिक ३० देखि ५० जना बिरामी उपचारका लागि आउने गर्दछन् । यस अस्पतालमा डाक्टर उपलब्ध भएमा सामान्य बिरामी चेकजाँचका लागि अन्य टाढाका अस्पतालमा जानुपर्ने बाध्यता हट्ने अपेक्षा छ ।

हटिया अस्पतालमा एक जना मेडिकल अधिकृत (डाक्टर) सहित २ जना सिनियर अहेब, १ जना ल्याब टेक्निसियन, २ जना अहेब, १ जना सिनियर अनमी, १ जना अनमी र २ जना कार्यालय सहयोगीसहित कुल १० जना कर्मचारीहरुको दरबन्दी छ । यीमध्ये १ जना सिनियर अहेब र १ जना सिनियर अनमीको पद स्थायी र बाँकी अन्य पद करारका रहेका छन् ।

यस अस्पतालमा कार्यरत डा. नरेन्द्र केसीले गत मंसिरमा राजीनामा दिएपछि मेडिकल अधिकृतको पद रिक्त रहँदै आएको थियो । तीन महिना अवधिसम्म हटिया अस्पताल डाक्टरविहीन भएपछि चैत ९ गते पदपूर्तिका लागि उपमहानगरपालिकाले विज्ञापन गरेको थियो ।

# जिल्ला बक्सिङ संघको अध्यक्षमा पुनः सुशील घिमिरे

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला तेक्वान्दो संघको अध्यक्षमा पुनः सुशील घिमिरे चयन हुनुभएको छ । बुधबार भएको संघको १० औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट दोस्रो कार्यकालका लागि घिमिरे सर्वसम्मत चयन हुनुभएको छ ।

अधिवेशनबाट अध्यक्षमा घिमिरेसँगै उपाध्यक्ष उज्वल शर्मा भण्डारी, सचिवमा अमित मनान्धर र कोषाध्यक्षमा राजन शिल्पकार दोहोरिनु भएको छ । यस्तै, सदस्यसचिवमा विकल्प अधिकारी र सदस्यहरुमा श्याम मानन्धर, भूपेन्द्र विष्ट, समामोदीन अन्सारी र ज्ञानेन्द्र महर्जन सर्वसम्मत चयन भएका हुन् । बाँकी सदस्य तथा पदाधिकारी कार्यसमितिको विधानअनुसार मनोनयन गरिनेछ भने आवश्यकता अनुसार सल्लाहकार समिति गठन अधिकारी पनि जिल्ला कार्य समितिमा निहित रहेको छ ।

अधिवेशनमा सचिव अमित मानन्धरले सचिवको प्रतिवेदन र कोषाध्यक्ष राजन शिल्पकारले विसं २०८० जेठदेखि २०८२ चैतसम्मको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कोषाध्यक्षको प्रतिवेदन अनुसार सो अवधिमा संघले ६ लाख ८७ हजार ८ सय ९८ रुपैयाँ आम्दानी र ६ लाख २७ हजार ९ सय ४० रुपैयाँ खर्च गरेको छ । संघको कुल बचत १ लाख ९१ हजार ७९ रुपैयाँ रहेको छ । यसैगरी, संघको खेलाडी अक्षयकोषमा १२ लाख रुपैयाँ रहेको कोषाध्यक्ष शिल्पकारले बताउनुभयो । संघका अध्यक्ष घिमिरेको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल बक्सिङ संघका उपाध्यक्ष सविन भट्टाचार्यको प्रमुख आतिथ्य रहेको थियो ।

# बालज्योति माविको अध्यक्षमा तेस्रो पटक पोखरेल

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, पिप्लेस्थित बालज्योति माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा रवीन्द्रनाथ पोखरेल चयन हुनुभएको छ । लगातार दोस्रो कार्यकालका लागि अध्यक्ष बन्नुभएका पोखरेलको समग्रमा यो तेस्रो कार्यकाल हो ।

शनिबार सम्पन्न विद्यालयको ४६ औं अभिभावक भेलाबाट पोखरेल सर्वसम्मत अध्यक्ष पदमा चयन हुनुभएको छ । यसैगरी सदस्यहरु धनमाया लामा, कवीन्द्रविक्रम राना, सरिता सञ्जेल, देवीबहादुर बुढाथोकी, चम्फा बोहरा, वडा अध्यक्ष सुशील घिमिरे (वडा प्रतिनिधि) र चिरन्जीवी घिमिरे (शिक्षक प्रतिनिधि) सर्वसम्मत चयन हुनुभएको हो ।

शिक्षा ऐन २०२८ को दफा १२ बमोजिम ९ सदस्यीय नयाँ विद्यालय व्यवस्थापन समिति गठन भएको हो । विद्यालयका प्रधानाध्यापक समितिको पदेन सदस्य रहने व्यवस्था छ ।

# नयाँ शैक्षिक सत्रको तयारी गर्न विद्यालयलाई निर्देशन

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले शैक्षिक सत्र २०८३ को तयारीका लागि नगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई निर्देशन दिएको छ । उपमहानगरको शिक्षा विकास महाशाखाले सोमबार एक सूचना जारी गर्दै नयाँ शैक्षिक सत्र २०८३ को तयारी गर्न विद्यालयहरुलाई निर्देशन दिएको हो ।

शिक्षा विकास महाशाखाले नयाँ सत्रको तयारीका लागि विभिन्न काम समयमै पूरा गर्न आग्रह गरेको छ । यसअन्तर्गत विद्यालयहरुले वार्षिक कार्यतालिका तथा कार्यपात्रो बैशाख ७ गतेभित्र निर्माण गरिसक्नु पर्नेछ । यसैगरी विद्यालय सुधारको योजना बैशाख १२ गतेभित्र र शैक्षिक सत्र २०८२ को कक्षा १ देखि ९ सम्मका विद्यार्थीहरुको प्राप्ताङ्क र हाजिरी १५ गतेभित्र अनिवार्यरुपमा विद्यालयले अद्यावधिक गर्नुपर्नेछ ।

बैशाख १० गतेदेखि घरदैल कार्यक्रम गर्न शिक्षा विकास महाशाखाले विद्यालयहरुलाई निर्देशन दिएको छ । महाशाखाले एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम तथा सूचना प्रविधि स्रोत शिक्षकको तालिममा शिक्षकहरुलाई अनिवार्यरुपमा सहभागी गराउन विद्यालयहरुलाई अनुरोध गरेको छ । साथै विद्यालयहरुलाई समयमै पाठ्यपुस्तक वितरण गर्न पनि निर्देशन दिएको छ । यस वर्ष शैक्षिक सत्र बैशाख १५ गतेदेखि सुरु हुनेछ ।

## प्रधानमन्त्री कप

# उपाधिका लागि आर्मी र सुदूरपश्चिम भिड्ने




प्लेयर अफ द म्याच मधेश प्रदेशका अरनिको यादवलाई ट्रफी हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिता-२०८२ को उपाधिका लागि विभागीय टोली त्रिभुवन आर्मी क्लब र सुदूरपश्चिम प्रदेश भिड्ने भएका छन् । विभागीय टोली आर्मी क्लब अंक तालिकाको शीर्ष स्थानमा र सुदूरपश्चिम प्रदेश दोस्रो स्थानमा रहँदै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । बुधबार समूह चरणको खेल सकिएसँगै फाइनल खेल्ने दुई टोलीको टुङ्गो लागेको हो ।

आर्मी क्लब जारी प्रतियोगितामा अपराजित रहेको छ । समूह चरणमा ८ खेल जितेको आर्मी क्लबले एउटा खेलमा अंक बाँडेको छ भने सुदूरपश्चिम प्रदेश ६ खेलमा जित र ३ वटामा हार व्यवहोरेको छ । विभागीय टोली नेपाल एपीएफ क्लब र त्रिभुवन आर्मी क्लबबिचको खेल वर्षाले प्रभावित हुँदा दुबै टोलीले अंक बाँडेका थिए ।

प्रतियोगिताको समूह चरणको अन्तिम खेलमा बुधबार आर्मी क्लबले लुम्बिनी प्रदेशलाई पराजित गरेको छ । जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा त्रिभुवन आर्मी क्लबले लुम्बिनी प्रदेशलाई १ विकेटले पराजित गरेको हो । टस जितेर पहिले ब्याटिङ गरेको लुम्बिनी प्रदेशले ३९ ओभर २ बलमा १३८ रनमा अल आउट भएको थियो । लुम्बिनीका रन्जित खत्री खड्काले २८ रन र कप्तान देव खनालले २३ रन बनाए । आर्मी क्लबका कुशल मल्लले ४ विकेट लिए ।

१३९ रनको लक्ष्य पछ्याएको आर्मी क्लब २५ ओभर २ बलमा ९ विकेट गुमाएर लक्ष्य भेटायो । आर्मी क्लबका कुशल मल्लले ४१ रन र अर्जुन साउदले २८ रन बनाए । लुम्बिनीका सन्तोष यादवले ५ र निर्मल गुरुङले ४ विकेट लिए । खेलमा उत्कृष्ट अलराउन्डर प्रदर्शन गरेका कुशल मल्ल प्लेयर अफ द म्याच घोषित भए ।

यस्तै, बुधबार नै वीरगञ्जमा भएको अर्को खेलमा मधेश प्रदेशले विभागीय टोली नेपाल पुलिस क्लबलाई ४ विकेटले पराजित गरेको छ । वीरगञ्जको नारायणी रंगशालामा भएको खेलमा टस हारेर सुरुमा ब्याटिङको निम्तो पाएको नेपाल पुलिस क्लब ४० ओभर ३ बलमा १३० रनमा अल आउट भएको थियो । पुलिसका कुशल भुर्तेलले ३९ रन र शंकर रानाले २७ रन बनाए । मधेश प्रदेशका पवन सर्राफ, विशाल पटेल र आशिक बैठाले समान ३/३ विकेट लिए ।

१३१ रनको लक्ष्य पछ्याएको मधेश प्रदेश २४ ओभर १ बलमा ६ विकेट गुमाएर लक्ष्य भेटाएको हो । मधेश प्रदेशका अरनिको प्रसाद यादवले ६५ रन बनाए । पुलिस क्लबका गुल्सनले ३ विकेट लिए ।

बुधबार समूह चरणको खेल सकिएसँगै यस वर्षको जय ट्रफी खेल्ने ६ वटा टोलीको पनि टुङ्गो लागेको छ । पछिल्लो दुईवटा संस्करणमा ४ वटा टोलीमात्रै सहभागी भएको जय ट्रफीमा यो वर्ष ६ वटा टोली सहभागी हुन पाउनेछन् । त्रिभुवन आर्मी क्लब र सुदूरपश्चिम प्रदेशसँगै शीर्ष ६ मा रहेका मधेश प्रदेश, नेपाल एपीएफ क्लब, नेपाल पुलिस क्लब र लुम्बिनी प्रदेश जय ट्रफी खेल्नेछन् ।

## सूर्यनगर गोल्डकप

# हेटौँडा फुटबल एकेडेमी सेमिफाइनलमा पराजित

समाज संवाददाता

हेटौँडाः १० औं संस्करणको सूर्यनगर गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा हेटौँडा फुटबल एकेडेमी पराजित भएको छ । मंगलबार भएको प्रतियोगिताको सेमिफाइनलमा हेटौँडा फुटबल एकेडेमी पर्साको वीरगञ्ज युनाइटेडसँग ३-१ ले पराजित भएको हो ।

शुक्रबार प्रतियोगिताको उद्घाटन खेलमा चितवनको हार्दिक युवा समाजलाई पराजित गर्दै हेटौँडा फुटबल एकेडेमी सेमिफाइनलमा प्रवेश गरेको थियो । नवलपुर (बर्दघाट सुस्तापूर्व) को बर्दघाट-१६ स्थित सूर्यनगरको श्री नवयुवा क्लबको आयोजना तथा बर्दघाट नगरपालिकाको संरक्षकत्वमा सञ्चालित यस अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगितामा हेटौँडा एकेडेमीसहित ८ वटा टोलीले सहभागिता जनाएका छन् ।

प्रतियोगिताको फाइनल खेल शुक्रबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टोलीले ६ लाख ६६ हजार ६६६ रुपैयाँ र उपविजेता टोलीले ३ लाख ३३ हजार ३३३ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

# कुटपिटबाट मनहरीका तुल्सी घाइते

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-५, गैरीगाउँमा २९ वर्षीय मिलन नेपाली र २५ वर्षीय अनिल नेपालीको कुटपिटबाट ३५ वर्षीय तुल्सी नेपाली घाइते भएका छन् । मंगलबार राति १० बजेको समयमा सामान्य विवादका क्रममा तुल्सीले आफ्ना काकाका छोरा मिलन र अनिललाई मुख छाडेपछि उनलाई कुटपिट गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । कुटपिटबाट घाइते भएका तुल्सीको अनुहारमा चोट लागेको छ । उनलाई उपचारका लागि सिएमसी चुरेहिल अस्पताल लगिएको छ । प्रहरीले कुटपिटमा संलग्न मिलन र अनिललाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community

डँढेलो नियन्त्रण गरौं,
वातावरण जोगाऔं

डँढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरण प्रदूषण बढाउँछ,
- भू–क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

वन तथा वातावरण मन्त्रालय
बागमती प्रदेश, नेपाल
हेटौँडा, मकवानपुर

होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,

- होडिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयबाट निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानुन बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

त्यसैले अनुमति प्राप्त गर्न :
- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होडिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ